# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np


इ.प्रा. परिपत्र संख्या : १/२०८१-८२

मितिः २०८१/०४/१३

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु,
श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,
श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त सम्पूर्ण निकायहरु ।

**विषय : नेपाल राष्ट्र बैंक स्वाप कारोबार विनियमावली, २०८१ जारी गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी "नेपाल राष्ट्र बैंक स्वाप कारोबार विनियमावली, २०८१" जारी गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

२०८१/०४/१२

(तुलसी प्रसाद घिमिरे)
कार्यकारी निर्देशक

**बोधार्थः**

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राजस्व अनुसन्धान विभाग ।
४) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
५) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
७) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
९) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१०) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
११) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१२) श्री नेपाल उद्योग परिसंघ ।
१३) श्री नेपाल चेम्बर अफ कमर्स ।
१४) श्री नेपाल बैंकर्स संघ ।
१५) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१६) श्री वित्तीय संस्था संघ ।
१७) श्री लघुवित्त बैंकर्स संघ ।

# नेपाल राष्ट्र बैंक स्वाप कारोबार विनियमावली, २०८१

**नेपाल राष्ट्र बैंक**

केन्द्रीय कार्यालय

विदेशी विनिमय व्यवस्थापन विभाग

२०८१

# नेपाल राष्ट्र बैंक स्वाप कारोबार विनियमावली, २०८१

बैंक तथा वित्तीय संस्थाले विदेशबाट भित्र्याएको विदेशी मुद्राको ऋणमा रहने विदेशी विनिमय जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियमहरु बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस विनियमावलीको नाम "नेपाल राष्ट्र बैंक स्वाप कारोबार विनियमावली, २०८१" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।*

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

(क) "काउण्टरपार्टी" भन्नाले विनियम ४ बमोजिम राष्ट्र बैंकसँग स्वाप कारोबार गर्ने बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ ।

(ख) "गभर्नर" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १५ बमोजिम नियुक्त राष्ट्र बैंकको गभर्नर सम्झनु पर्छ ।

(ग) "फरवार्ड दर" भन्नाले स्वाप कारोबारको लागि राष्ट्र बैंक र काउन्टरपार्टीबीच दोस्रो चरणको कारोबार राफसाफ हुने विदेशी विनिमय दरलाई सम्झनु पर्छ ।

(घ) "फरवार्ड मिति" भन्नाले राष्ट्र बैंक र काउन्टरपार्टी दुवै पक्षले स्वाप कारोबारको बोलकबोल हुने मितिमा स्वीकार गरेको दोस्रो चरणको कारोबार राफसाफ हुने मितिलाई सम्झनु पर्छ ।

(ङ) "बैंक तथा वित्तीय संस्था" भन्नाले प्रचलित कानून बमोजिम राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरी वित्तीय कारोबार गर्ने उद्देश्यले स्थापना भएको बैंक तथा वित्तीय संस्थालाई सम्झनु पर्छ ।

(च) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(छ) "विभाग" भन्नाले विदेशी विनिमय व्यवस्थापन विभाग सम्झनु पर्छ ।

(ज) "स्पट कारोबार" भन्नाले स्वाप कारोबारको पहिलो चरणको कारोबार सम्झनु पर्छ ।

(झ) "स्पट दर" भन्नाले स्पट कारोबारमा लागू हुने विदेशी विनिमय दर सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले विनियम ७ बमोजिम गठित स्वाप कारोबार समिति सम्झनु पर्छ ।

(ट) "स्वाप कारोबार" भन्नाले बैंक तथा वित्तीय संस्थाले विदेशबाट भित्र्याएको भारतीय रुपैयाँ बाहेकको विदेशी मुद्रामा उल्लेख भएको ऋणको विदेशी विनिमय जोखिम व्यवस्थापन गर्ने डेरिभेटिभ उपकरणको

---

* नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८१/०४/०४ मा बसेको ११/२०८१ औं बैठकबाट स्वीकृत भएको ।

कारोबार सम्झनु पर्छ । यस्ता कारोबारमा पहिलो र दोस्रो चरणका कारोबार मिति, रकम र विदेशी विनिमय दर लगायतका विषय स्वाप कारोबारको बोलकबोल मितिमा नै तय गर्ने र तोकिए बमोजिम राफसाफ गर्ने सम्झनु पर्छ ।

## परिच्छेद-२
## स्वाप कारोबार सम्बन्धी व्यवस्था

३. स्वाप कारोबारको प्रकृति: (१) विदेशी विनिमय जोखिम व्यवस्थापन गर्ने उद्देश्यले राष्ट्र बैंक र काउण्टरपार्टी बीच "खरिद-बिक्री अमेरिकी डलर/नेपाली रुपैयाँ स्वाप (Buy/Sell USD/NPR Swap)" कारोबार गर्न सकिनेछ ।

(२) उपविनियम (१) बमोजिमको स्वाप कारोबारको पहिलो चरणमा राष्ट्र बैंकले काउण्टरपार्टीसँग तोकिएको स्पट दरमा अमेरिकी डलर खरिद गरी नेपाली रुपैयाँ बिक्री गर्नेछ ।

(३) उपविनियम (१) बमोजिमको स्वाप कारोबारको दोस्रो चरणमा पहिलो चरणको कारोबार रकम बराबरको अमेरिकी डलर तोकिएको फरवार्ड मिति र तोकिएको फरवार्ड दरमा राष्ट्र बैंकले काउण्टरपार्टीलाई बिक्री गरी नेपाली रुपैयाँ खरिद गर्नेछ ।

(४) उपविनियम (१), (२) र (३) मा उल्लिखित अमेरिकी डलर रकम, स्पट दर, पहिलो चरणको कारोबार राफसाफ मिति, फरवार्ड दर र दोस्रो चरणको कारोबार राफसाफ मिति स्वाप कारोबारको बोलकबोल मितिमा नै तय गरिनेछ ।

४. स्वाप कारोबारको लागि योग्य काउण्टरपार्टी : (१) यस विनियमावली बमोजिम गरिने स्वाप कारोबारका लागि नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ (संशोधन सहित) बमोजिम विदेशबाट भारतीय रुपैयाँ बाहेकको विदेशी मुद्रामा ऋण भित्र्याउने इजाजतपत्र प्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्था र पूर्वाधार विकास बैंक काउण्टरपार्टी बन्न योग्य हुने छन् ।

५. स्वाप कारोबार गरिने मुद्रा: (१) यस विनियमावली बमोजिम गरिने स्वाप कारोबार अमेरिकी डलर/नेपाली रुपैयाँ (USD/NPR Pair) मा हुनेछ ।

६. स्वाप कारोबार समिति: (१) यस विनियमावलीमा उल्लिखित कार्यहरूलाई सुचारु रूपले सम्पादन गर्नका लागि देहायका सदस्य भएको एउटा स्वाप कारोबार समिति गठन गरिनेछः-

| | |
|---|---|
| (क) डेपुटी गभर्नर, विदेशी विनिमय व्यवस्थापन विभाग हेर्ने | अध्यक्ष |
| (ख) विदेशी विनिमय व्यवस्थापन विभागको कार्यकारी निर्देशक | सदस्य |
| (ग) मौद्रिक व्यवस्थापन विभागको कार्यकारी निर्देशक | सदस्य |
| (घ) आर्थिक अनुसन्धान विभागको कार्यकारी निर्देशक | सदस्य |
| (ङ) बैंकिङ्ग विभागको कार्यकारी निर्देशक | सदस्य |
| (च) वित्त व्यवस्थापन विभागको कार्यकारी निर्देशक | सदस्य |
| (छ) विदेशी विनिमय व्यवस्थापन विभागको निर्देशक (लगानी हेर्ने) | सदस्य-सचिव |

(२) उपविनियम (१) बमोजिम गठन भएको समितिले आफ्नो बैठकमा आवश्यकतानुसार आन्तरिक तथा बाह्य विशेषज्ञ वा अन्य पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपविनियम (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

७. समितिको बैठक: (१) समितिको बैठकको अध्यक्षता विदेशी विनिमय व्यवस्थापन विभाग हेर्ने डेपुटी गभर्नरले गर्नेछ । निजको अनुपस्थितिमा समितिका वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(२) समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ ।

तर, कम्तीमा त्रयमासको एक पटक समितिको बैठक बस्नु पर्नेछ ।

(३) अध्यक्षको अनुमति लिई सदस्य-सचिवले समितिको बैठक बोलाउनेछ ।

(४) समितिको बैठकको अध्यक्षता गर्ने व्यक्ति सहित कम्तीमा चार जना सदस्यको उपस्थिति भएमा समितिको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) वैठकमा उपस्थित बहुमत सदस्यको निर्णय समितिको निर्णय मानिनेछ । कुनै प्रस्तावको पक्ष र विपक्षमा मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

८. समितिको सचिवालय: (१) समितिको सचिवालय विदेशी विनिमय व्यवस्थापन विभागमा रहनेछ ।

(२) समितिको सचिवालयमा आवश्यकतानुसार विभागका कर्मचारीहरू खटाइनेछ ।

९. समितिको काम, कर्तव्य र अधिकार: (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) बैंक तथा वित्तीय संस्थाले विदेशी मुद्रामा भित्र्याएको ऋण र देशको आर्थिक तथा वित्तीय अवस्था समेतलाई दृष्टिगत गरी स्वाप कारोबार गर्ने,

(ख) खण्ड (क) बमोजिमको स्वाप कारोबारको रकम तथा अवधि निर्धारण गर्ने, बोलकबोल गराउने तथा अन्य आवश्यक प्रक्रिया निर्धारण गर्ने,

(ग) स्वाप कारोबारका क्रममा काउण्टरपार्टीबाट पेश भएको बोलकबोलको मूल्याङ्कन गर्ने, बोलकबोल स्वीकृत/अस्वीकृत गर्ने तथा काउण्टरपार्टीले उत्तरदायित्व पूरा नगरेमा विनियम १८ बमोजिम कारबाही गर्ने,

(घ) समितिलाई निर्णय प्रक्रियामा आवश्यक पर्ने विवरण, तथ्याङ्क, विश्लेषणात्मक प्रस्ताव, प्रतिवेदन तथा अन्य सूचना राष्ट्र बैंकका विभिन्न विभागसँग माग गर्ने,

(ङ) विदेशी विनिमय जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि आवश्यक नीति निर्माण गर्ने सम्बन्धमा गभर्नर समक्ष सिफारिस गर्ने, र

(च) स्वाप कारोबारसम्बन्धी अन्य आवश्यक सम्पूर्ण काम कारबाही गर्ने ।

(२) उपविनियम (१) बमोजिमको काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्ने सम्बन्धमा समितिले आवश्यकताअनुसार उपसमिति गठन गर्न सक्नेछ । यसरी गठन गरेको उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोकेबमोजिम हुनेछ ।

१०. स्वाप कारोबारको अवधि : (१) राष्ट्र बैंकले काउण्टरपार्टीसँग गर्ने स्वाप कारोबारको अवधि समितिले तोकिदिए बमोजिम हुनेछ ।

११. स्वाप कारोबार रकम र बोलकबोल हुने मिति: (१) स्वाप कारोबारको रकम समितिले तोकिदिए बमोजिम हुनेछ ।

(२) उपविनियम (१) बमोजिमको कुल कारोबार रकमभन्दा बढी नहुने गरी प्रति काउण्टरपार्टी स्वाप कारोबारको न्यूनतम रकम अमेरिकी डलर दश लाख र बढीमा अमेरिकी डलर दश लाखले भाग गर्दा निःशेष भाग जाने गरी काउण्टरपार्टीले विदेशबाट भित्र्याएको भारतीय रुपैयाँ बाहेकको विदेशी मुद्रा ऋणको वक्यौता साँवा रकमसम्म हुने गरी काउण्टरपार्टीले बोलकबोल पेश गर्नु पर्नेछ ।

(३) स्वाप कारोबारको बोलकबोल पेश हुने मिति समितिले तोकिदिए बमोजिम हुनेछ ।

(४) उपविनियम (१) र (३) बमोजिमको स्वाप कारोबार सम्बन्धी विवरण विभागले राष्ट्र बैंकको वेवसाइटमार्फत **अनुसूची-१** को ढाँचामा सूचना प्रकाशन गरी सार्वजनिक गर्नेछ ।

१२. कारोबार माध्यम: (१) राष्ट्र बैंकले तोकिदिएको माध्यम प्रयोग गरी काउण्टरपार्टीले स्वाप कारोबारको लागि बोलकबोल पेश गर्नु पर्नेछ ।

(२) काउण्टरपार्टीले तोकिएको अवधिको लागि आफूले स्वाप कारोबार गर्न चाहेको अमेरिकी डलर रकम र सोको लागि दशमलब पश्चात अधिकतम दुई अंकसम्म हुने गरी फरवार्ड दरको बोलकबोल पेश गर्नु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम स्वाप कारोबारको लागि बोलकबोल पेश भए पश्चात् विनियम १४ बमोजिम निर्धारित स्पट दर तथा फरवार्ड दरमा स्वाप कारोबार गरिनेछ ।

१३. स्वाप कारोबार गर्ने प्रक्रिया: (१) समितिले स्वाप कारोबारको रकम, स्वाप कारोबारको मिति लगायतका विषयमा निर्णय गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम समितिबाट भएको निर्णय बमोजिम विभागले स्वाप कारोबार सम्बन्धी सूचना राष्ट्र बैंकको वेवसाइटमार्फत प्रकाशन गर्नेछ । यस्तो सूचना स्वाप कारोबारको लागि काउण्टरपार्टीलाई बोलकबोल पेश गर्न तोकिएको दिनभन्दा कम्तीमा दुई दिन अगाडि प्रकाशन गर्नु पर्नेछ ।

(३) काउण्टरपार्टीले स्वाप कारोबारको बोलकबोल रकम पेश गर्दा आफूले विदेशबाट भित्र्याएको भारतीय रुपैयाँ बाहेकको विदेशी मुद्रा ऋणको बोलकबोल पेश हुने मितिमा वक्यौता साँवा रकमभन्दा बढी नहुने गरी **अनुसूची-२** को ढाँचामा बोलकबोल पेश गर्नु पर्नेछ ।

(४) विनियम १४ बमोजिमको Cut-off दर भन्दा कम हुने गरी काउण्टरपार्टीले पेश गरेको फरवार्ड दरको बोलकबोललाई समितिले स्वीकार गर्ने छैन ।

(५) काउण्टरपार्टीले पेश गरेको स्वाप कारोबारको बोलकबोल स्वीकार गर्ने वा अस्वीकार गर्ने अधिकार समितिमा हुनेछ । काउण्टरपार्टीले स्वाप कारोबारको लागि पेश गरेको बोलकबोलमा उल्लिखित स्वाप कारोबार रकमलाई आंशिक रुपमा समेत स्वीकार गर्न सकिनेछ ।

तर, काउण्टरपार्टीले स्वाप कारोबारको लागि पेश गरेको बोलकबोलमा उल्लिखित फरवार्ड दरमा समितिले कुनै पनि परिवर्तन गरी स्वीकार गर्न सक्ने छैन ।

(६) स्वीकार गरिएको बोलकबोल सम्बन्धी जानकारी विभागले **अनुसूची-३** र **अनुसूची-४** बमोजिम दिनेछ ।

१४. स्वाप कारोबारको स्पट दर तथा फरवार्ड दर निर्धारण हुने विधि: (१) नेपाल राष्ट्र बैंक विदेशी मुद्रा खरिद बिक्री तथा बजार हस्तक्षेप निर्देशिका, २०७८ को दफा ८ बमोजिम हुन आउने अमेरिकी डलर र नेपाली रुपैयाँको विनिमय दर नै स्वाप कारोबारको स्पट दर हुनेछ ।

(२) उपविनियम (१) बमोजिमको स्पट दर सम्पूर्ण काउण्टरपार्टीलाई समान रुपमा लागू हुनेछ ।

(३) उपविनियम (१) बमोजिम स्पट दर निर्धारण हुने दिनमा Bloomberg प्लेटफर्ममा उपलब्ध तोकिएको स्वाप कारोबार अवधिको लागि अपरान्ह १२:१५ बजे अमेरिकी डलर र भारतीय रुपैयाँको Mid Rate को फरवार्ड दरको आधारमा तय हुने छड्के दरले हुन आउने नेपाली रुपैयाँमा नेपाल राष्ट्र बैंक विदेशी मुद्रा खरिद बिक्री तथा बजार हस्तक्षेप निर्देशिका, २०७८ को दफा ९ मा तोकिए बमोजिमको प्रिमियम थप गरी कायम हुने दर स्वाप कारोबारको Cut-off दर हुनेछ ।

तर, अपरान्ह १२:१५ मा Bloomberg प्लेटफर्ममा त्यस्तो दर उपलब्ध नभएमा सो समयपछिको पहिलो दरलाई लिइनेछ ।

(४) काउण्टरपार्टीले पेश गरेको फरवार्ड दरको बोलकबोललाई घट्दो क्रम (Descending Order) मा राखिनेछ ।

(५) उपविनियम (३) बमोजिम कायम हुन आउने Cut-off दरभन्दा कम नहुने गरी उपविनियम (४) बमोजिम काउण्टरपार्टीले पेश गरेको फरवार्ड दरलाई समितिले स्वीकार गरेमा सोही दर नै सम्बन्धित काउण्टरपार्टीसँगको स्वाप कारोबारको फरवार्ड दर हुनेछ ।

(६) उपविनियम (५) बमोजिमको फरवार्ड दर फरक-फरक काउण्टरपार्टीलाई आफूले पेश गरेको बोलकबोल बमोजिम फरक-फरक हुन सक्नेछ ।

(७) समान फरवार्ड दर बोलकबोल भएका स्वाप कारोबार रकम समावेश गर्दा स्वाप कारोबारको कुल आह्वान रकमभन्दा बढी भएमा Pro-rata Basis मा बाँडफाँड गरिनेछ । यस उपविनियम बमोजिम बाँडफाँड गर्दा प्रति काउण्टरपार्टी न्यूनतम अमेरिकी डलर दश लाखको न्यूनतम रकम र अमेरिकी डलर दश लाखले भाग गर्दा नि:शेष भाग जाने रकम कायम हुन अनिवार्य हुने छैन ।

१५. स्वाप कारोबारसम्बन्धी निर्णय : (१) विनियम १४ बमोजिम स्वाप कारोबारको बोलकबोल स्वीकार वा अस्वीकार गर्ने निर्णय समितिले गर्नेछ ।

## परिच्छेद-३
## विविध

१६. स्वाप कारोबारबाट राष्ट्र बैंकलाई उपलब्ध विदेशी मुद्राको परिचालन : (१) यस विनियमावली बमोजिम राष्ट्र बैंकलाई उपलब्ध हुने विदेशी मुद्रालाई राष्ट्र बैंकले नेपाल राष्ट्र बैंक विदेशी विनिमय लगानी निर्देशिका, २०७९ को व्यवस्थाको अधीनमा रही लगानी गर्न सक्नेछ ।

(२) नेपाल राष्ट्र बैंक विदेशी विनिमय लगानी निर्देशिका, २०७९ को व्यवस्थाको अधीन रही राष्ट्र बैंकले उपलब्धता तथा आवश्यकताको अधारमा थप स्वाप कारोबार, फरवार्ड कारोबार वा अन्य उपयुक्त विदेशी विनिमय जोखिम व्यवस्थापन गर्ने उपकरणको कारोबार गर्न सक्नेछ ।

१७. स्वाप कारोबारमा सहभागी काउण्टरपार्टीले विवरण उपलब्ध गराउनु पर्ने: (१) यस विनियमावली बमोजिम स्वाप कारोबार स्वीकृत हुने काउण्टरपार्टीले स्वाप कारोबार अन्तर्गत पहिलो चरणमा खरिद गरेको नेपाली रुपैयाँको परिचालन, अन्य हेजिङ्ग उपकरणको प्रयोग, विदेशी ऋणको अवस्था (Hedged/Unhedged Position) आदिको विवरण **अनुसूची-५** को ढाँचामा विभागलाई मासिक रुपमा महिना समाप्त भएको सात दिनभित्र उपलब्ध गराउनु पर्नेछ ।

(२) उपविनियम (१) लगायत विभागले आवश्यकतानुसार माग गरेको विवरण समेत काउण्टरपार्टीले पेश गर्नु पर्नेछ ।

१८. जरिवाना र कारोबारमा प्रतिबन्ध: (१) स्वाप कारोबारको लागि स्वीकृत काउण्टरपार्टीले स्वाप कारोबार बमोजिम आफूले पहिलो चरणको स्वाप कारोबारमा बिक्री गरेको अमेरिकी डलर रकम राफसाफ मितिमा राष्ट्र बैंकको एजेन्सी खातामा जम्मा नगरी ढिला गरी जम्मा गरेको खण्डमा ढिला भए जति दिनको लागि सोही अवधिमा राष्ट्र बैंकलाई फेडरल रिजर्भ बैंकबाट Repurchase Agreement Pool मा प्राप्त हुने दरको हिसाबले दिन गन्ती आधारमा हुन आउने अमेरिकी डलर बराबरको रकम जरिवाना लगाइनेछ ।

तर, यस्तो जरिवाना रकम अमेरिकी डलर १०० भन्दा कम हुने छैन ।

(२) स्वाप कारोबारको लागि स्वीकृत काउण्टरपार्टीले स्वाप कारोबार बमोजिम आफूले दोस्रो चरणको स्वाप कारोबारमा बिक्री गर्न स्वीकार गरेको नेपाली रुपैयाँ राफसाफ मितिमा उपलब्ध नगराई राष्ट्र बैंकलाई ढिला गरी उपलब्ध गराएको खण्डमा उक्त अवधिको लागि राष्ट्र बैंकले तोकेको प्रचलित बैंक दरको हिसाबले दिन गन्ती आधारमा जरिवाना लगाइनेछ ।

तर, यस्तो जरिवाना रकम नेपाली रुपैयाँ १,००० भन्दा कम हुने छैन ।

(३) उपविनियम (१) र (२) बमोजिम जरिवाना लगाइएका काउण्टरपार्टीसँग वा यस विनियमावली अन्तर्गतका व्यवस्था उल्लंघन गर्ने काउण्टरपार्टीसँग आगामी दिनमा स्वाप कारोबार नगर्ने गरी समितिले प्रतिबन्ध लगाउन सक्नेछ ।

१९. अभिलेख राख्नुपर्नेः विभिन्न मितिमा गरेको स्वाप कारोबार र तीमध्येका वक्यौता स्वाप कारोबारको विवरण विभागले मासिक रुपमा तयार गर्नु पर्नेछ । सोको अभिलेख Contingent सम्पत्ति तथा दायित्व अन्तर्गत विभागले छुट्टै राख्नेछ ।

२०. विद्युतीय प्रणालीबाट स्वाप कारोबार गर्न सकिनेः यस विनियमावली अन्तर्गतका कार्यहरु राष्ट्र बैंकले विद्युतीय प्रणालीको प्रयोग गरी समेत गर्न सक्नेछ । त्यस्तो प्रणाली सञ्चालनको सार्वजनिक सूचना राष्ट्र बैंकबाट प्रकाशन भएपश्चात् काउण्टरपार्टीले तोकिएबमोजिम विद्युतीय प्रणालीको प्रयोग गरी बोलकबोल तथा आवश्यक विवरण पेश गर्नु पर्नेछ र सोही विद्युतीय प्रणालीबाट बोलकबोलको मूल्याङ्कन, स्वाप कारोबारको नतिजा, काउण्टरपार्टीलाई जानकारी र स्वाप कारोबार सम्बन्धी अन्य आवश्यक काम-कारबाही गर्न सकिनेछ ।

२१. बाधा अड्काउ फुकाउनेः यस विनियमावलीको कार्यान्वयनमा कुनै बाधा अडकाउ आइपरेमा त्यस्तो बाधा अड्काउ गभर्नरले फुकाउन सक्नेछ ।

२२. अनुसूचीमा हेरफेर वा थपघटः गभर्नरले अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

# अनुसूची-१
# स्वाप कारोबारको सूचना

**विनियम ११ को उपविनियम (४) सँग सम्बन्धित**

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभागको
बोलकबोलमार्फत स्वाप कारोबार हुने बारेको सूचना
सूचना नं.: Notice/FEMD/Swaps/*2081/82 (Fiscal Year)*/….

नेपाल राष्ट्र बैंकले देहायबमोजिमका विशेषता एवम् शर्तहरु कायम गरी बोलकबोलमार्फत स्वाप कारोबार गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

१. स्वाप कारोबार सम्बन्धी विवरण:
   (क) उपकरणको नाम र प्रकृति : खरिद-बिक्री अमेरिकी डलर/नेपाली रुपैयाँ स्वाप (Buy/Sell USD/NPR Swap) कारोबार (राष्ट्र बैंकको तर्फबाट) ।
   (ख) कुल आह्वान रकम : अमेरिकी डलर………………*(समितिले तोके बमोजिम)* ।
   (ग) बोलकबोल पेश गर्न सकिने मिति र समयः ……………. गते *(समितिले तोके बमोजिम)*, बिहान १०:०० बजेदेखि १२:०० बजेसम्म ।
   (घ) स्पट (पहिलो चरण) कारोबारको राफसाफ मितिः ………………*(समितिले तोके बमोजिम)* ।
   (ङ) स्वाप कारोबारको अवधिः ………………*(समितिले तोके बमोजिम)* ।
   (च) फरवार्ड (दोस्रो चरण) कारोबारको राफसाफ मितिः : ………………*(समितिले तोके बमोजिम, स्पट कारोबारको राफसाफ मितिमा स्वाप कारोबारको अवधि जोड्दा कायम हुने मिति)* ।
   (छ) स्पट दरः विनियम १४ को उपविनियम (१) बमोजिम ।
   (ज) Cut-Off दरः विनियम १४ को उपविनियम (३) बमोजिम ।
   (झ) फरवार्ड दर : बोलकबोलको माध्यमबाट निर्धारण हुने ।
   (ञ) बोलकबोल गर्न सकिने रकम : घटीमा अमेरिकी डलर १० लाख र बढीमा अमेरिकी डलर १० लाखले भाग गर्दा निःशेष भाग जाने गरी कुल आह्वान रकमसम्म ।
   (ट) स्वीकृत बोलकबोल सम्बन्धी जानकारी दिइने मिति र समयः बोलकबोल मितिको अपरान्ह १:३० बजेभित्र, इमेल टेलिफोन, फ्याक्स वा अन्य उपयुक्त माध्यमबाट ।

२. कुनै एक काउण्टरपार्टीले एक भन्दा बढी बोलकबोल पेश गर्न पाइने छैन । तर, बोलकबोल पेश गर्ने समयभित्र आफूले पेश गरिसकेको बोलकबोलमा संशोधन गरी पेश गर्न बाधा पर्ने छैन ।

३. स्वाप कारोबारको बोलकबोलमा नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ (संशोधन सहित) बमोजिम विदेशबाट भारतीय रुपैयाँ बाहेकको विदेशी मुद्रामा ऋण भित्र्याउने इजाजतपत्र प्राप्त "क", "ख", "ग", "घ" वर्गका बैंक तथा वित्तीय संस्था र पूर्वाधार विकास बैंक मात्र सहभागी हुन पाउने छन् ।

४. स्वाप कारोबारको बोलकबोलमा दोस्रो चरणको कारोबारमा तोकिएको अमेरिकी डलर राष्ट्र बैंकबाट खरिद गर्ने दर (फरवार्ड दर) दशमलव पछिको हकमा दुई अंकसम्म मात्र हुने गरी प्रति अमेरिकी डलरको लागि नेपाली रुपैयाँमा उल्लेख गर्नु पर्नेछ ।

५. स्वाप कारोबारको लागि आह्वान गरिएको रकम बाँडफाँड गर्दा बोलकबोल बमोजिम सबैभन्दा बढी फरवार्ड दरलाई पहिलो प्राथमिकता क्रममा राखी आह्वान गरिएको रकमसम्म क्रमशः बाँडफाँड गरिनेछ । तर, यसै सूचनाको बुँदा नं. १ बमोजिम गणना हुने Cut-Off दरभन्दा कम हुने फरवार्ड दरलाई स्वीकार गरिने छैन ।

६. Cut-Off दरभन्दा बढी हुने गरी समान फरवार्ड दर उल्लेख भएका बोलकबोल रकम समावेश गर्दा कुल आह्वान रकमभन्दा बढी भएमा Pro-rata Basis मा बाँडफाँड गरिनेछ ।

७. पहिलो चरणमा स्वीकृत बोलकबोल बापतको अमेरिकी डलर रकम राष्ट्र बैंकले सम्बन्धित काउण्टरपार्टीसँग लिई तोकिएको स्पट दरमा नेपाली रुपैयाँ उपलब्ध गराउनेछ र दोस्रो चरणमा तोकिएको फरवार्ड दरमा सम्बन्धित काउण्टरपार्टीसँग नेपाली रुपैयाँ लिई पहिलो चरणमा कारोबार भएको अमेरिकी डलर रकम उपलब्ध गराउनेछ । दोस्रो चरणको कारोबार राफसाफको लागि तोकिएका मिति अगावै दोस्रो चरणको कारोबार राफसाफ गर्न पाइने छैन ।

८. बोलकबोल स्वीकृत भएको काउण्टरपार्टीले तोकिएबमोजिम पहिलो चरणको स्वाप कारोबारमा अमेरिकी डलर र/वा दोस्रो चरणको स्वाप कारोबारमा नेपाली रुपैयाँ राष्ट्र बैंकलाई उपलब्ध नगराएमा त्यस्ता काउण्टरपार्टीसँग राष्ट्र बैंकले तोकिएबमोजिम जरिवाना लिनेछ । साथै, त्यस्तो काउण्टरपार्टीलाई राष्ट्र बैंकसँग आगामी स्वाप कारोबार गर्न प्रतिबन्ध समेत लगाउन सक्नेछ ।

९. स्वाप कारोबार स्वीकृत भए पश्चात् उक्त कारोबारलाई परिवर्तन, संशोधन वा रद्द गर्न सकिने छैन ।

१०. इच्छुक काउण्टरपार्टीले **अनुसूची-२** बमोजिमको ढाँचामा स्वाप कारोबारको बोलकबोल भरी, सही-छाप गरी उक्त बोलकबोललाई pdf Format मा Scan गरी Password Protect गरेर विभागको इमेल ठेगाना, fxdealer@nrb.org.np, मा तोकिएको समयसीमाभित्र बोलकबोल र सोको Password छुट्टा-छुटै Email गरेर पेश गरिसक्नु पर्नेछ । बोलकबोल पेश गर्दा Email को Subject तथा बोलकबोलको Filename मा "FEMD Swap Bid_Bank Code" भनी उल्लेख गर्नु पर्नेछ । साथै, बोलकबोलको Password पठाउँदा Email को Subject मा "FEMD Swap Bid Password_Bank Code" भनी उल्लेख गर्नु पर्नेछ । Bank Code मा राष्ट्र बैंकको वेवसाइटमा "List of Bank and Financial Institutions" अन्तर्गत उल्लिखित सम्बन्धित बैंक तथा वित्तीय संस्थाको पहिलो पाँच अंकको कोड (नम्बर) राख्नु पर्नेछ । समितिले संस्थाको आधिकारिक Email मार्फत प्राप्त बोलकबोल र सोको Password लाई मात्र मान्यता दिनेछ, gmail.com, hotmail.com, yahoo.com आदिमार्फत प्राप्त Email लाई मान्यता दिइने छैन । बोलकबोल पेश गर्दा अनिवार्य रुपमा Password Protect गर्नु पर्नेछ । सो नगरिएको बोलकबोललाई मान्यता दिइने छैन । Scan गरिएको बोलकबोल र सोको Password सम्बन्धी Emails तोकिएको समयभित्र पेश गरिसक्नु पर्नेछ । समयभन्दा ढिलो भई प्राप्त भएको बोलकबोल र सोको Password लाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

११. यस स्वाप कारोबार गर्दा राष्ट्र बैंकबाट जारी भएको एकीकृत परिपत्र-२०८० को एकीकृत इ.प्रा. परिपत्र: १९/२०८० मा उल्लिखत “क” वर्गका वाणिज्य बैंक र राष्ट्रिय स्तरका “ख” वर्गका विकास बैंक सम्बन्धी बन्देज तथा Derivatives कारोबारको सीमा लागू हुन छैन ।

१२. उल्लिखित स्वाप कारोबारको लागि सम्बन्धित काउण्टरपार्टीहरुलाई International Swaps and Derivatives Association (ISDA) सम्बन्धी व्यवस्थामा छुट हुनेछ ।

१३. कुनै कारण दिई वा नदिई बोलकबोल पूर्ण वा आंशिक रुपमा स्वीकार वा अस्वीकार गर्ने अधिकार समितिमा रहनेछ ।

१४. स्वाप कारोबार “नेपाल राष्ट्र बैंक स्वाप कारोबार विनियमावली, २०८१” बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारीका लागि विभागको फोन नम्बर ०१-५७१९६४४/६४५/६४६, EXT NO: ५३२, ५४०, ५४२, ५४५ मा सम्पर्क गर्न सकिनेछ ।

मितिः २०....../.../... ।

## अनुसूची-२
## स्वाप कारोबारको लागि काउण्टरपार्टीले पेश गर्ने बोलकबोल

**विनियम १३ को उपविनियम (३) सँग सम्बन्धित**

*(On letter head of respective counterparty's central/head office)*

Date:

The Executive Director
Foreign Exchange Management Department
Nepal Rastra Bank
Baluwatar, Kathmandu.

**Subject: Submission of Bid for Swap Transaction**

Pursuant to "Nepal Rastra Bank Swap Transaction Bylaws, 2081" and the Notice no...........................,dated..............., we hereby submit a bid for the Swap transaction, with details as follows:

1. **Bid Amount in USD:................................**
2. **Second Leg Forward Rate (Bid Price):.........................*(NPR per USD, up to 2 decimal points)***
3. **NPR account details:**
4. **USD account details:**

Authorized Signatories and Stamp:

| | |
|---|---|
| _________________________*(Signature)* | _______________________*(Signature)* |
| _________________________*(Name)* | _______________________ *(Name)* |
| _________________________*(Designation)* | _______________________ (Head of Treasury) |
| _________________________*(Contact)* | _______________________*(Contact)* |

## अनुसूची-३
## स्वीकृत स्वाप करोबार सम्बन्धी विभागले प्रकाशन गर्ने नतिजा

**विनियम १३ को उपविनियम (६) सँग सम्बन्धित**

**Auction Result of Swap Transaction**

1. Notice No.:
2. Notice date:
3. Total issued amount: USD.................
4. First leg transaction settlement date:
5. Second leg transaction settlement date:
6. Spot rate:
7. Cut-off rate:
8. Number of counterparties submitting bids:
9. Total amount of bids submitted by counterparties: USD..................
10. Total amount of bids accepted by NRB: USD................

_______________

Executive Director

Foreign Exchange Management Department

Nepal Rastra Bank,

Baluwatar, Kathmandu.

Date:………………….

## अनुसूची-४
## स्वीकृत स्वाप करोबार सम्बन्धी विभागले काउण्टरपार्टीलाई दिने जानकारी

**विनियम १३ को उपविनियम (६) सँग सम्बन्धित**

Date:…………………

To …………….*(Name of respective BFI)*
Central/Head Office
………………*(Address)*

**Subject: Acceptance of Bid for Swap Transaction**

Pursuant to "Nepal Rastra Bank Swap Transaction Bylaws, 2081" and the Notice no...........................,dated.........., your bid for the Swap transaction has been accepted, with details as follows:

1. **Accepted Amount in USD:...............................**
2. **Second Leg Forward Rate (accepted price):.........................*(NPR per USD, up to 2 decimal points)*.**
3. **NRB's USD Account Details:**

Please refer to Auction Result of the Swap Transaction *(Annexure-3)*, for further details.

______________

Executive Director
Foreign Exchange Management Department
Nepal Rastra Bank,
Baluwatar, Kathmandu.

## अनुसूची-५
## काउण्टरपार्टीले पेश गर्ने विवरण

**विनियम १७ को उपविनियम (१) सँग सम्बन्धित**

*(काउण्टरपार्टीको केन्द्रीय कार्यालयको लेटर हेडमा)*

**स्वाप कारोबार सम्बन्धी विवरण**
**मितिः.................(वि.सं.मा)**
**विवरण पेश गरिएको साल र महिनाः..........(वि.सं.मा)**

**१. राष्ट्र बैंकसँग स्वाप करोबार गरिएको विवरणः**

| क्र.सं. | सूचना नं. | सूचना मिति | स्वाप करोबार रकम (अमेरिकी डलर) | स्पट कारोबार राफसाफ मिति | स्पट दर (ने.रु.) | फरवार्ड कारोबार राफसाफ मिति | फरवार्ड दर (ने.रु.) | पहिलो चरणको स्वाप काराबोरबाट कुल प्राप्त ने.रु. | प्राप्त ने.रु.को परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**२. विदेशबाट भारतीय रुपैयाँ बाहेकको विदेशी मुद्रामा भित्र्याएको ऋण सम्बन्धी विवरणः**

| क्र.सं. | राष्ट्र बैंकबाट विदेशी ऋण भित्र्याउन स्वीकृत भएको मिति (वि.सं.) | ऋणदाता | विदेशी ऋणको कुल अवधि | ऋण भित्रिएको मिति (वि.सं.) | कुल स्वीकृत विदेशी ऋण रकम (विदेशी मुद्रामा) | कुल भित्रिएको विदेशी ऋण रकम (विदेशी मुद्रामा) | बोलकबोल पेश गरिएको मितिमा वक्यौता रहेको विदेशी ऋण रकम (विदेशी मुद्रामा) | विदेशी ऋणको अन्तिम साँवा भुक्तानी गर्नु पर्ने मिति (वि.सं.) | राष्ट्र बैंकसँग बाहेक विदेशी ऋणको लागि हेजिङ्ग गरे/नगरेको | अन्य हेजिङ्ग गरेको भए हेजिङ्ग उपकरणको नाम | अन्य हेजिङ्ग गरेको भए हेजिङ्ग रकम (अमेरिकी डलर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**<u>संस्थाको छापः</u>**

**<u>विवरण पेश गर्नेः</u>**

______________________________*(दस्तखत)* ______________________________*(दस्तखत)*

______________________________*(नाम)* ______________________________*(नाम)*

______________________________*(पद)* ______________________________(ट्रेजरी हेड)

______________________________*(सम्पर्क)* ______________________________*(सम्पर्क)*